आज मिति २०७४।३।१९ गतेका दिन राप्ती सोनारी गाउँपालिका को वोर्ड बैठक अध्यक्ष श्री लाहुराम थारु को अध्यक्षतामा निम्न उपस्थितिमा बसि निम्न बमोजिमको निर्णय गरियो

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष - १ | सदस्य |
| श्री मदन कुमार वली | ,, - ,, २ | ,, |
| श्री गंगाराम थारु | ,, - ,, ३ | ,, |
| श्री कान्धा थारु | ,, - ,, ४ | ,, |
| श्री मुगरु थारु | ,, - ,, ५ | ,, |
| श्री जनक बहादुर थारु | ,, - ,, ६ | ,, |
| श्री राम लखन थारु | ,, - ,, ७ | ,, |
| श्री खुम बहादुर बस्नेत | ,, - ,, ८ | ,, |
| श्री महावीर वली | ,, - ,, ९ | ,, |
| श्री दमकला जैसी | | ,, |
| श्री नैनी कुमारी खत्री | | ,, |
| श्री मीना कुमारी विष्ट | | ,, |
| श्री लिला नेपाली | | ,, |
| श्री देवराज कुमाल | | ,, |
| श्री पतरी दमाई | | ,, |
| श्री भरत कुमार मल्ल | | कार्यकारी अधिकृत |

## प्रस्तावहरु

१ - गाउँपालिकाको केन्द्र तोक्ने सम्बन्धमा
२ - गाउँ सभा सञ्चालन कार्यविधि २०७४ पारित गर्ने सम्बन्धमा
३ - परिषद सम्पन्न गर्ने सम्बन्धमा
४ - विपद व्यवस्थापन सम्बन्धमा
५ - सडक मर्मत सम्बन्धमा
६ - तटबन्ध सम्बन्धमा
७ - वडा कार्यालय स्थापना सम्बन्धमा
८ - मतदाता नामावली संकलन सम्बन्धमा
९ - सडकको भवन माग गर्ने सम्बन्धमा
१० - विद्युतीकरण सम्बन्धमा
११ - स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन पारित सम्बन्धमा
१२ - गाउँकार्यपालिका सञ्चालन कार्यविधि ~~सञ्चालन~~ निर्देशिका पारित सम्बन्धमा
१३ - स्रोत उपयोग बाँडफाँटको रकम सम्बन्धमा

## निर्णय

नं १. प्रस्ताव नं १ मा छलफल गर्दा हाल गाउपालिका को केन्द्र २ नं. वडा कार्यालयको कार्यालयमा संचालन भई आइरहेकोमा कोठा अभावको कारणले कार्यालय संचालन गर्न ज्यादै अप्ठेरो भई रहेकोले पछि परिषद बाट अनुमोदन गराई केन्द्र वडा नं २ के अध्येयामा हाल ने.रा.मा.वि. ले उपयोग गर्दै आइरहेको खाली भवनमा सार्ने निर्णय गरियो साथै सो स्थानमा रहेका भवनहरुको यथा सक्य चाँडो मर्मत सम्भार गर्ने निर्णय गरियो।

नं २. प्रस्ताव नं २ मा छलफल गर्दा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय बाट प्राप्त गाउ सभा संञ्चालन कार्यविधि २०७४ लाई पारित गर्ने निर्णय गरियो।

नं ३. प्रस्ताव नं ३ मा छलफल गर्दा निर्वाचन सम्पन्न भएको मितिले ३ महिना भित्र परिषद सम्पन्न गर्नु पर्ने भएको र हालको व्यवस्था समेत नयाँ भएकोले सम्पूर्ण प्रकृया हरु पुरा गरी परिषद सम्पन्न गर्नको लागी यसै गाउपालिका को वडा नं ८ र ३ का वडा सचिव पुष्कर सिंह ठकुरी लाई जिम्मा दिई काम काजमा लगाउने र उहाँ लाई सो काम गरे बापत विधाले पाउने सुविधा उपलब्ध गराउने निर्णय गरियो।

नं ४. प्रस्ताव नं ४ मा छलफल गर्दा साविक गा.वि.स. हरुमा विपद व्यवस्थापन को लागी बजेट विनियोजन भएको नहुँदा विपद आइ परेमा सम्बन्धित वडा कार्यालयको बजेट प्रयोग गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

नं ५. प्रस्ताव नं ५ मा छलफल गर्दा मानिस हिड्न समेत गाह्रो भएको स्थानमा बाटोको मर्मत प्राविधिक लगाई आवश्यक भएको ठाउँमा आवश्यक मर्मत गर्ने निर्णय गरियो।

नं ६. प्रस्ताव नं ६ मा छलफल गर्दा यस गाउपालिकामा ३ वटा वडाहरु एकै आपसमा संयुक्त वडा कार्यालयहरु को रुपमा संचालन भएकोर जनप्रतिनिधिहरु निर्वाचित भई आइ सकेकोले निम्न वडाहरु निम्न वडाको निम्न स्थानमा कार्यालय खोल्ने निर्णय गरियो।

| वडा नं | कार्यालय रहने स्थान |
|---|---|
| ३ | वडा नं ३ को भगौतिपुर |
| ६ | वडा नं ६ को सिद्धनवा |
| ८ | वडा नं ८ को पेरानी |

नं. ७ - प्रस्ताव नं. ८ मा छलफल गर्दा निर्वाचन आयोग बाट यहि श्रावण १ देखी १५ गते सम्म जिल्ला भरको मतदाता नामावली, //संकलन// निर्वाचन कार्यालय मा नै गर्ने गराउने सूचना प्रवाह भएकोले हाल सेतो // वर्ष पुगेकाहरुको नाम आउन गाह्रो // पाताको सम्बन्ध भएकोले फोटो सहितको मतदाता नामावली संकलन गर्नको लागी यस गाउपालिकाको प्रत्येक वडामा आइ मतदाता नामावली संकलन गरिदिन क्षेत्रीय निर्वाचन कार्यालय नेपालगंज बाँके लाई अनुरोध गर्ने निर्णय गरियो।

नं. ८. प्रस्ताव नं. ८ मा छलफल गर्दा यस गाउपालिकाको वडा नं. १ मा रहेको स्वास्थ्य चौकी भवन बनाउनको लागी भत्काई नयाँ भवन निर्माण भइरहेकोले नयाँ भवन नबन्दा सम्म स्वास्थ्य चौकीको कार्यालय राखी सेवा प्रवाह गर्न अप्ठेरो भएको र सोही स्थानमा सडक कार्यालयको खाली भवन रहेकोले स्वास्थ्य चौकी राख्नको लागी सो भवन उपलब्ध गराई दिन सडक कार्यालय नेपालगंज लाई अनुरोध गर्ने निर्णय गरियो।

नं. ९. प्रस्ताव नं. ९ मा छलफल गर्दा वडा नं. ९ को सिहुनवा मा राप्ती नदिले कटान गरी बस्तितिर नदि गई रहेकोले सो लाई रोकथाम गर्न आवश्यक पहल गर्ने निर्णय गरियो।

नं. १०. प्रस्ताव नं. १० मा छलफल गर्दा बगौडा क्षेत्रमा, // रखवास कुलो // विद्युतीकरण को लागी पहिले देखी नै काम शुरु भएता पनी काम ज्यादै सुस्त गतिमा सञ्चालन भएकोले सो बारे आवश्यक छलफलको लागी सम्बन्धित निकायमा जाने निर्णय गरियो।

नं. ११. प्रस्ताव नं. ११ मा छलफल गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन को नमुना केन्द्र बाट प्राप्त भएको ले सो दिग्दर्शन लाई पारित गर्ने निर्णय गरियो।

नं. १२. प्रस्ताव नं. १२ मा छलफल गर्दा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय बाट गाउँ कार्यपालिका सञ्चालन कार्यविधि निर्देशिका को नमुना प्राप्त भएकोले सो निर्देशिका लाई पारित गर्ने निर्णय गरियो।

नं. १३. प्रस्ताव नं. १३ मा छलफल गर्दा, // आ.व. ०७३/७४ को // स्रोत उपयोग बाँडफाँट ~~तथा~~ तर्फ ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल बिक्री गर्दा साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिले स्थानीय स्वायत्त शासन ऐन २०५५ को परिच्छेद ६, दफा २१८ मा व्यवस्था भए बमोजिम ~~साविक~~ ३५ देखी ५०% सम्म रकम सम्बन्धित गा.वि.स. मा पठाउनु पर्नेमा हाल सम्म पनी उक्त

रकम नआएकोले यस क्षेत्रमा बिक्री भएको प्राकृतिक ।
स्रोत साधनको रकम जिल्ला समन्वय समितिबाट माग गरिदिन
विभिन्न वडाहरुबाट माग भई आएकोले उल्लेखित प्रावधान
अनुसार यस गाउपालिका भित्र बाट बिक्री भएको प्राकृतिक स्रोत
साधनको रकम यथा समय चाँडो पठाई दिन जिल्ला
समन्वय समिति बाँके लाई अनुरोध गर्ने निर्णय गरियो।

नं.१४. अर्को बोर्ड बैठक मिति २०७४।४।१ गते दिनको १ बजे
बस्ने निर्णय गरियो।